# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भरतपुर, चितवन
**बागमती प्रदेश, नेपाल**

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

भरतपुर महानगरपालिका
BHARATPUR METROPOLITAN CITY

प. सं. ३/२०७७/०७८ प्र. ज. वि. शा.
च. नं. ३११९

मितिः २०७७/१०/०८

विषयः <u>वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने सम्बन्धमा ।</u>

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

भरतपुर महानगरपालिका र भूमि सम्बन्धी समस्या समाधान आयोगबीच मिति २०७७/०८/२५ मा गरिएको समझदारी अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत सङ्कलन गर्ने कार्य सम्पन्न गर्न महानगरपालिका अन्तर्गत "भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोवासीको विवरण र तथ्याङ्क सङ्कलन इकाई" गठन हुने र इकाईबाट खटिने कर्मचारीहरुलाई स्थलगत रुपमा तथ्याङ्क सङ्कलन तथा नाप–नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउन तहाँ वडा कार्यालयहरुमा देहाय बमोजिम रहने गरी वडास्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति गठन गर्ने मिति २०७७/०९/२२ गते महानगरपालिकाबाट निर्णय भएकोले तपसिल बमोजिमको समिति ३ (तीन) दिनभित्र गठन गरी सोको जानकारी यस कार्यालयलाई गराउनुहुन आदेशानुसार अनुरोध छ ।

<u>तपसिल</u>

क. वडा अध्यक्ष– अध्यक्ष

ख. वडा सदस्यहरु– सदस्य

ग. सम्बन्धित वडा अध्यक्षको सिफारिसमा नगरप्रमुखले मनोनयन गरेका भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ–संस्था वा नागरिक समाजका कम्तीमा एक महिलासहित दुईजना प्रतिनिधि– सदस्य

घ. वडा सचिव– सदस्य–सचिव

२०७७/१०/०८

(डम्बरबहादुर विश्वकर्मा)
अधिकृतस्तर सातौं

अधिकृतस्तर सातौं

फोन नं. ०५६–५२०१६७,५२१४६७,५३००६२,५२६९५१,५२२२५२,५२५७७१,फ्याक्स नं. ०५६–५२००१४